# निरन्तर पाँच कारोबार दिन घट्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

पछिल्लो पाँच कारोबार दिन निरन्तर घटेर सोमवार नेप्से परिसूचक २ हजार ६१० दशमलव ४० विन्दुमा झरेको छ। नेप्से परिसूचक यो दिन ९ दशमलव ९८ अंकले घटेको हो।

सोमवार २ हजार ६३० दशमलव ३६ विन्दुसम्म पुगेको नेप्से २ हजार ६०४ दशमलव ७९ विन्दुसम्म झरेको थियो।

सोमवार ८६ कम्पनीको धितोपत्र मूल्य बढेको छ भने १५९ कम्पनीको धितोपत्र मूल्य घटेको छ। सिटिजन्स बैंक इन्टरनेसनलको शेयर मूल्य भने यो दिन स्थिर रहेको छ। बजार घटेको दिन चार धितोपत्रको मूल्य भने उच्च दरमा बढेको छ। नेपाल माइक्रो इन्स्योरेन्स, ओम मेगाश्री फर्मास्यूटिकल्स र सिटिजन्स सुपर ३० म्युचुअल फण्डको धितोपत्र मूल्य १० प्रतिशत बढेको हो भने क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशत बढेको हो। हिमालयन पावर पार्टनरको शेयर मूल्य भने ९ दशमलव ९९ प्रतिशत घटेको छ। हिमालयन पावर पार्टनरको शेयर मूल्य प्रतिकित्ता ६४ रुपैयाँ ५५ पैसाले घटेर अन्तिम मूल्य ५८१ रुपैयाँ ३० पैसा कायम भएको हो।

अघिल्लो कारोबार दिनभन्दा कारोबार रकम घटेको छ। आइतवार ९ अर्ब २४ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएकोमा सोमवार ७ अर्ब ६३ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको हो। घटेको बजारमा लगानीकर्ता सस्तोमा शेयर विक्री गर्न नचाहेकोले कारोबार रकम घटेको जानकारहरूले अनुमान लगाएका छन्।

सोमवार कुल कारोबार रकममा राधी विद्युत् कम्पनीको सर्वाधिक हिस्सा रहेको छ। राधी विद्युत्को ७६ करोड ५ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो।

सोमवार चार समूहको परिसूचक बढेको छ भने बाँकीको घटेको हो। वित्त समूहको परिसूचक सर्वाधिक शून्य दशमलव ९७ प्रतिशत घटेको छ। यो दिन म्युचुअल फण्डको सर्वाधिक शून्य दशमलव २० प्रतिशत परिसूचक बढेको छ।

**बजार पूँजीकरण घट्यो**

सोमवार बजार पूँजीकरण रू. १६ अर्ब ६१ करोडले घट्दै रू. ४३ खर्ब ४२ अर्ब २९ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ५८ अर्ब ९१ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ५९ दशमलव ३७ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ५३ करोड २३ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ। उक्त समूहको रू. ९० करोड ७३ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ९३ करोड ६ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकर बाट रू. ४६ करोड ७५ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४६ करोड ३० लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट सोमवारको बजारमा रू. ६१ करोड ४६ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | १,६७८.७० | १०.०० | हिमालयन पावर पार्टनर लिमिटेड | ५८१.३० | -९.९९ |
| ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | ३२६.७० | १०.०० | रिभर फल्स पावर लिमिटेड | ५५३.११ | -६.७४ |
| सिटिजन्स सुपर ३० म्युचुअल फण्ड | ९.९० | १०.०० | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २,२०६.०० | -४.६१ |
| क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,३८७.८० | ९.९९ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ८९९.८३ | -४.०२ |
| विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २,८३४.४८ | ८.११ | बुटवल पावर कम्पनी लिमिटेड | ४५३.०१ | -३.७२ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| राधी विद्युत् कम्पनी लिमिटेड | ७६.०५ |
| डादी ग्रुप पावर लिमिटेड | ५५.६२ |
| सानिमा माई हाइड्रोपावर लिमिटेड | ४८.५४ |
| यूनिभर्सल पावर कम्पनी लिमिटेड | ४७.१५ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ३७.६९ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | म्युचुअल फण्ड | १९.५५ | ०.२० |
| २ | लघुवित्त | ४,६२३.१२ | ०.११ |
| ३ | निर्जीवन बीमा | १२,२६७.५८ | ०.०६ |
| ४ | होटल तथा पर्यटन | ६,३५२.०८ | ०.०२ |
| ५ | जीवन बीमा | १२,९७३.७६ | -०.११ |
| ६ | लगानी | ११३.२५ | -०.१३ |
| ७ | अन्य | २,३०६.४४ | -०.२२ |
| ८ | बैंकिङ्ग | १,३००.५८ | -०.३८ |
| ९ | व्यापार | ४,४६०.२७ | -०.७२ |
| १० | जलविद्युत् | ३,४७७.५१ | -०.७४ |
| ११ | विकास बैंक | ५,२४८.१० | -०.७६ |
| १२ | उत्पादन तथा प्रशोधन | ७,०९९.०५ | -०.८८ |
| १३ | वित्त | २,३४३.३६ | -०.९७ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ४५३.२३ | ५९.३७ |
| २ | लगानी | ९०.७३ | ११.८९ |
| ३ | विकास बैंक | ३८.५४ | ५.०५ |
| ४ | बैंकिङ्ग | २८.१४ | ३.६९ |
| ५ | जीवन बीमा | २६.७१ | ३.५० |
| ६ | अन्य | २५.५६ | ३.३५ |
| ७ | लघुवित्त | २३.४९ | ३.०८ |
| ८ | संस्थापक शेयर | २२.५९ | २.९६ |
| ९ | उत्पादन तथा प्रशोधन | २१.०६ | २.७६ |
| १० | वित्त | १६.३६ | २.१४ |
| ११ | निर्जीवन बीमा | ९.७१ | १.२७ |
| १२ | होटल तथा पर्यटन | ३.८९ | ०.५१ |
| १३ | म्युचुअल फण्ड | १.५८ | ०.२१ |
| १४ | व्यापार | १.४४ | ०.१९ |
| १५ | ऋणपत्र | ०.३३ | ०.०४ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४६.३० | ४६.७५ | ९३.०६ |
| ४५ | ३४.०३ | २७.४२ | ६१.४६ |
| ३४ | २४.४१ | २१.४८ | ४५.८९ |
| ४२ | २०.६७ | २३.७१ | ४४.३९ |
| ४९ | १९.२५ | २४.८० | ४४.०५ |

## राष्ट्रिय वाणिज्य बैंकको ऋणपत्र बाँडफाँट

काठमाडौं (अस)। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले वैशाख ७ गतेदेखि १२ गतेसम्म निष्कासन गरेको ऋणपत्र वैशाख २१ गते बाँडफाँट गरेको छ। कम्पनीले कुल २५ लाख कित्ता ऋणपत्र विक्री गरेको हो।

कम्पनीले ७ वर्षे अवधिको वार्षिक ७ प्रतिशत ब्याजदर रहने गरी '७ प्रतिशत आरबिबिएल डिबेन्चर २०८८' नामक ऋणपत्र निष्कासन गरेको हो। प्रति ऋणपत्र १ हजार रुपैयाँ अंकित मूल्यका २ अर्ब ५० करोड रुपैयाँ बराबरको २५ लाख कित्ता ऋणपत्र कम्पनीले बाँडफाँट गरेको हो।

कुल कित्ता ऋणपत्रमध्ये ६० प्रतिशत अर्थात् १ अर्ब ५० करोड रुपैयाँ बराबरको १५ लाख कित्ता व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति तथा संघसंस्थामा विक्री गरी बाँडफाँट गरिएको हो भने ४० प्रतिशत अर्थात् १ अर्ब रुपैयाँ बराबरको १० लाख कित्ता ऋणपत्र भने आम सर्वसाधारणमा विक्री गरी बाँडफाँट गरिएको हो। सर्वसाधारणमा बाँडफाँट गरिएको ऋणपत्रमध्ये ५ प्रतिशत अर्थात् ५० हजार कित्ता ऋणपत्र सामूहिक लगानी कोषहरूका लागि छुट्टयाइएको थियो। सर्वसाधारण लगानीकर्तामा ९ लाख ५० हजार कित्ता ऋणपत्र बाँडफाँट भएको हो। ऋणपत्र निष्कासन तथा विक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड रहेको छ।

## नेपाल माइक्रो इन्स्योरेन्सले बोलायो साधारणसभा

काठमाडौं (अस)। नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले जेठ १६ गते दोस्रो वार्षिक साधारणसभा बोलाएको छ। वैशाख २१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले चितवनस्थित भरतपुर गार्डेन रिसोर्टमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो।

सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ। सर्वसाधारण शेयरधनीहरूको तर्फबाट दुई जना सञ्चालक निर्वाचनको कार्यक्रम समेत सभाका लागि तय भएको छ।

साथै, सञ्चालकहरूको भत्ता तथा अन्य सुविधाहरूका सम्बन्धमा आवश्यक छलफल गर्ने र सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्च अनुमोदनको कार्यक्रम समेत सभाका लागि तय भएको छ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले जेठ ८ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा जेठ ७ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन्।


## कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२३)

गैंडाकोट नगरपालिका वडा नं.२, कालिगण्डकी चोक, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा केन्द्रीय कार्यालय रहेको इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था हो। यस वित्तीय संस्थाले स्थापना भएको छोटो समयमै नेपालका ४८ जिल्लामा ९६ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। केन्द्रीय कार्यालयका लागि मेहनती, इमान्दार, अनुशासित र अनुभवी कर्मचारीहरुको आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिल बमोजिमका पदहरुको लागि सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०२/०६) कार्यालय समय भित्र निम्न ठेगानामा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ।

**विज्ञापन नं. :** ०४/८१/८२ **पद :** वरिष्ठ अधिकृत/अधिकृत - (कानुन) **श्रेणी :** अधिकृत **संख्या :** १ (एक)

**न्यूनतम शैक्षिक योग्यता :** वरिष्ठ अधिकृत/अधिकृत पदको लागि कम्तिमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ वर्ष काम गरेको वा कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत स्तरमा कम्तिमा १ वर्ष काम गरेको वा अधिकृत पदको लागि चार्टड एकाउन्टेन्ट्स (सिए) पास भएको वा कानून विषयमा स्नातक तह उतीर्ण गरी अधिवक्ताको प्रमाण पत्र प्राप्त गरेको वा प्रवीणता प्रमाणपत्र (१०+२) वा सो सरहको परीक्षा उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ९ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ। कानुनी परामर्श सम्बन्धी कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।

**विज्ञापन नं. :** ०५/८१/८२ **पद :** कनिष्ठ अधिकृत **श्रेणी :** अधिकृत **संख्या :** केही

**न्यूनतम शैक्षिक योग्यता :** कनिष्ठ अधिकृतको लागि कम्तिमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरि बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्ष काम गरेको वा स्नातकोत्तर तह उत्तीर्ण गरि बैंक तथा वित्तीय संस्थामा कम्तिमा २ वर्ष काम गरेको वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ वर्ष काम गरेको हुनु पर्नेछ वा सेमि क्वालिफाइड सिए वा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लेखापरीक्षण फर्ममा काम गरेको वा संघ संस्थामा काम गरेको अनुभव हुनु पर्नेछ। कनिष्ठ अधिकृतलाई निजको योग्यता र अनुभवको आधारमा विभिन्न कार्यालयमा रही काम गर्नु पर्नेछ। आन्तरीक लेखापरीक्षण विभागमा रही कार्य गरेको अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

**विज्ञापन नं.:** ०६/८१/८२ **पद :** वरिष्ठ सहायक **श्रेणी :** सहायक **संख्या :** केही

**न्यूनतम शैक्षिक योग्यता :** वरिष्ठ सहायक पदको लागि कम्तिमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लघुवित्तमा कम्तिमा १ वर्ष काम गरेको वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लघुवित्तमा कम्तीमा ३ वर्ष काम गरेको। शाखा प्रबन्धक भई कार्य गरेकालाई विशेष प्राथमिकता दिइनेछ।

**विज्ञापन नं. :** ०७/८१/८२ **पद :** सहायक **श्रेणी :** सहायक **संख्या :** केही

**न्यूनतम शैक्षिक योग्यता :** सहायक पदको लागि कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परिक्षा उत्तीर्ण गरी लघुवित्तमा कम्तिमा १ वर्ष कार्य गरेको हुनुपर्नेछ।

**विज्ञापन नं.** ०८/८१/८२ **पद :** कनिष्ठ सहायक प्रशिक्षार्थी **श्रेणी :** सहायक **संख्या :** केही

**न्यूनतम शैक्षिक योग्यता :** कनिष्ठ सहायक प्रशिक्षार्थी पदको लागि कम्तिमा एसइई/ एसएलसी/ प्रविणता प्रमाणपत्र तह वा सो सरहको परिक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ। सवारी साधन र चालक अनुमति प्रमाण पत्र भएकालाई विशेष प्राथमिकता दिइनेछ।

**उमेरको हद :** अधिकृत श्रेणीको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ भने सहायक श्रेणीको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। (महिलाको हकमा ५ वर्ष थप हुनेछ)

**कामको प्रकृति :** वित्तीय संस्थामा अधिकृतले केन्द्रीय कार्यालयमा रही कानुनी परामर्श सम्बन्धी कार्य गर्नु पर्नेछ कनिष्ठ अधिकृत र सहायक श्रेणीले शाखा सञ्चालन तथा पहाड र तराईका दुर्गम ग्रामीण क्षेत्रमा गई समूह परिचालन, कर्जा लगानी तथा असूली, बचत संकलन एवम् कर्जाको विश्लेषण र सदुपयोगिता निरीक्षण तथा संकलित बचत तथा असुल भएको कर्जा किस्ताको लेखाङ्कन गर्ने आदि कामहरू गर्नुपर्नेछ। साथै, वित्तीय संस्थाको नियमानुसार परीक्षणकालमा रहने गरी नियुक्ती दिइनेछ।

**परिक्षाको किसिम :** अधिकृत श्रेणी र सहायक श्रेणीको मौखिक अन्तर्वार्ता परीक्षा हुनेछ, कनिष्ठ सहायक प्रशिक्षार्थीहरुको फिल्ड अवधारणा तथा मौखिक अन्तर्वार्ता परीक्षा हुनेछ।

**परीक्षा दस्तुर :** अधिकृत श्रेणीको लागि रु.५००/- र सहायक श्रेणीको लागि रु. २००/- दस्तुर लाग्ने छ, उक्त रकम इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. **(Infinity Laghubitta Bittiya Sanstha Ltd.)** को नाममा रहेको ग्लोबल आइएमइ बैंक लि. **(Global IME Bank Ltd.)** गैडाकोटको खाता नं. **१४७०१०१०००१०९,** अथवा संस्थाको **Esewa ID 9863048882** वा **Esewa QR** मार्फत रकम जम्मा गरी भौचरमा नाम लेखी अपलोड गर्नु पर्नेछ, साथै अर्न्तवार्तामा सहभागी हुदाँ उक्त भौचर सहित उपस्थित हुन पर्नेछ।

**तलव, भत्ता तथा अन्य सुविधाहरु :** वित्तीय संस्थाको नियमानुसार हुनेछ।

**आवेदन पठाउने ठेगाना** : यस वित्तीय संस्थाको वेभसाइट **www.infinitylbsl.com.np** मा **Career** भित्र गई **Online Application** बाट दरखास्त दिन सकिनेछ। दरखास्त आवेदन सगै आफ्नो बायोडाटा, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता, तालिम तथा अनुभवका प्रमाणपत्रहरु सम्लग्न गरी आवेदन पठाउन सकिनेछ। रितपुर्वक तोकिएको समयभित्र प्राप्त सबै आवेदन उपर छानबिन गरी छोटो सूचीमा परेका उमेदवारहरुलाई मात्र अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ। अन्य जानकारी संस्थाको वेभसाइट **www.infinitylbsl.com.np** बाट प्राप्त गर्न सकिनेछ।

**नोट :** कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।

**पदपूर्ति समिति**

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
Infinity Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) फोन: ०७८-५०३३०१, ५०३१४४
इमेल: info@infinitylbsl.com.np, Website: www.infinitylbsl.com.np


## ट्रेड टावरको पहिलो चरणको आईपीओमा ५८ हजारभन्दा बढीको आवेदन

काठमाडौं (अस)। ट्रेड टावर लिमिटेडको पहिलो चरणमा जारी गरिएको आईपीओमा ५८ हजार २७८ जनाको आवेदन परेको छ। सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले दिएको जानकारीअनुसार वैशाख २२ गते अन्तिम दिनसम्म यी आवेदकहरूबाट १२ लाख ९२ हजार ३८० कित्ता शेयर खरीद माग भएको हो। जुन मागभन्दा ३ गुणा बढी आवेदन हो।

कम्पनीले सर्वसाधारणमा जारी गरिने कुल कित्ता आईपीओमध्ये पहिलो चरणमा वैशाख ८ गतेदेखि १० प्रतिशत आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि जारी गरेको हो। वैदेशिक रोजगारीमा रहेका नेपालीमा आईपीओ निष्कासन तथा बाँडफाँटपछि दोस्रो चरणमा सर्वसाधारणमा आईपीओ निष्कासन हुनेछ।

कम्पनीले कुल कित्तामध्ये पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि ३ करोड ९७ लाख १६ हजार ९३० रुपैयाँ बराबरको ३ लाख ९७ हजार १६९ दशमलव ३० कित्ता शेयर निष्कासन गरेको हो। कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यमा आईपीओ निष्कासन गरेको हो।

आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड रहेको छ।

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | ट्रेड टावर लिमिटेड |
|---|---|
| दिन | २०८२ वैशाख २२ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ३ लाख ९७ हजार १६९ |
| आवेदक संख्या | ५८ हजार २७८ |
| आवेदन परेको कित्ता | १२ लाख ९२ हजार ३८० |
| आवेदन परेको रकम | १२ करोड ९२ लाख ३८ हजार |
| निष्कासनको तुलनामा माग | ३.२५ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८२ वैशाख २२ गते |
| विक्री प्रबन्धक | लक्ष्मी सन्राइज क्यापिटल लि. |

स्रोत : सीडीएससी

## मातृभूमि लघुवित्तले एफपीओ निष्कासनका लागि बोर्डमा निवेदन

काठमाडौं (अस)। मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडले एफपीओ निष्कासनका लागि अनुमति माग्दै नेपाल धितोपत्र बोर्ड (सेबोन)मा निवेदन दिएको छ।

कम्पनीले साविक किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थासँग मर्जरपछि शेयर अनुपात मिलाउन एफपीओ निष्कासन गर्न लागेको हो। कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यका ११ लाख ४९ हजार ९८२ दशमलव ५९८ कित्ता एफपीओ निष्कासन गर्न चैत २१ गते बोर्डमा निवेदन दिएको हो।

कम्पनीले एफपीओ सर्वसाधारण लगानीकर्तामा जारी गर्नेछ। एफपीओ निष्कासन तथा विक्री प्रबन्धकको जिम्मेवारी मुक्तिनाथ क्यापिटल लिमिटेडले पूरा गर्नेछ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना २३ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय टाँडीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्र्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **एरोन बुक्स एण्ड स्टेशनरी** प्रोप्राइटरको नाम : अजय राउत प्रा.फ.र.नं. : १६५५/२०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश भरतपुर चितवन
दर्ता मिति : २०७७/१२/०४
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०१५६३४२१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) प्रदेशि राउतको नाति विक्रम राउतको छोरा चितवन जिल्ला बछौली गा.वि.स. वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ७ बस्ने **अजय राउत** (ना.प्र.नं. : ३५३०७/४९४ जारी मिति र जिल्ला : २०६३/११/२०, चितवन)

२) रामजी चौधरीको छोरी विक्रम राउतको बुहारी अजय राउतको पत्नी चितवन जिल्ला बछौली गा.वि.स. वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ७ बस्ने मञ्जु कुमारी चौधरी (ना.प्र.नं. : ३५३००७/३६३ जारी मिति र जिल्ला : २०७०/०२/१५, चितवन)

**२) कर्जा शीर्षक : महिला उद्यमशिल कर्जा**

**ऋणीको विवरण**

नाम : **एरोन मिट सप्लायर्स** व्यवसायीको नाम : राज कुमारी चौधरी दर्ता नं. : ६-ग-०२०९
दर्ता गर्ने कार्यालय : रत्ननगर नगरपालिका ६ नं. वडा कार्यालय बछौली, चितवन दर्ता मिति : २०७८/०४/२४
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ स्थायी लेखा नं. : ६१६२८९५०१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) नथुनी चौधरीको छोरी राम लखन चौधरीको बुहारी रामजी चौधरीको पत्नी रौतहट जिल्ला कनकपुर गा.वि.स. वडा नं. ५ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ बस्ने **राज कुमारी चौधरी** (ना.प्र.नं. : ३२१०६३/६८५१ जारी मिति र जिल्ला : २०६५/१२/३१, रौतहट)

२) महन्थ चौधरीको नाति राम लखन चौधरीको छोरा रौतहट जिल्ला कनकपुर गा.वि.स. वडा नं. ५ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ बस्ने **रामजी चौधरी** (ना.प्र.नं. : १३८०/२४ जारी मिति र जिल्ला : २०४३/०२/१५, रौतहट)

३) रामजी चौधरीको छोरी विक्रम राउतको बुहारी अजय राउतको पत्नी चितवन जिल्ला बछौली गा.वि.स. वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ७ बस्ने **मञ्जु कुमारी चौधरी** (ना.प्र.नं. : ३५३००७/३६३ जारी मिति र जिल्ला : २०७०/०२/१५, चितवन)

**३) कर्जा शिर्षक : महिला उद्यमशिल कर्जा**

**ऋणीको विवरण**

नाम : **एरोन मकेला पोल्ट्री फर्म** व्यवसायीको नाम : मञ्जु कुमारी चौधरी दर्ता नं. : ६-ग-०१९३
दर्ता गर्ने कार्यालय : रत्ननगर नगरपालिका ६ नं. वडा कार्यालय बछौली, चितवन दर्ता मिति : २०७८/०१/१३
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ स्थायी लेखा नं. : ६१५९०७५७०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रामजी चौधरीको छोरी विक्रम राउतको बुहारी अजय राउतको पत्नी चितवन जिल्ला बछौली गा.वि.स. वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ७ बस्ने **मञ्जु कुमारी चौधरी** (ना.प्र.नं. : ३५३००७/३६३ जारी मिति र जिल्ला : २०७०/०२/१५, चितवन)

२) प्रदेशि राउतको नाति विक्रम राउतको छोरा चितवन जिल्ला बछौली गा.वि.स. वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ७ बस्ने **अजय राउत** (ना.प्र.नं. : ३५३०७/४९४ जारी मिति र जिल्ला : २०६३/११/२०, चितवन)

३) राम कृष्ण महतोको नाति बाबु राम महतोको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ५ बस्ने **राम शरण महतो** (ना.प्र.नं. : ७७९९/०६१जारी मिति र जिल्ला : २०६१/०१/१३, चितवन)

**४) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

नथुनी चौधरीको छोरी राम लखन चौधरीको बुहारी रामजी चौधरीको पत्नी रौतहट जिल्ला कनकपुर गा.वि.स. वडा नं. ५ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ बस्ने **राज कुमारी चौधरी** (ना.प्र.नं. : ३२१०६३/६८५१ जारी मिति र जिल्ला : २०६५/१२/३१, रौतहट)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) महन्थ चौधरीको नाति राम लखन चौधरीको छोरा रौतहट जिल्ला कनकपुर गा.वि.स. वडा नं. ५ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ बस्ने **रामजी चौधरी** (ना.प्र.नं. : १३८०/२४ जारी मिति र जिल्ला : २०४३/०२/१५, रौतहट)

२) रामजी चौधरीको छोरी विक्रम राउतको बुहारी अजय राउतको पत्नी चितवन जिल्ला बछौली गा.वि.स. वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ७ बस्ने **मञ्जु कुमारी चौधरी** (ना.प्र.नं. : ३५३००७/३६३ जारी मिति र जिल्ला : २०७०/०२/१५, चितवन)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०८/२८ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ